**गैरआवासीय नेपाली संघ**

**युवा फोरमको कार्यव्यवस्था सम्बन्धि नियमावली, २०२१**

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>

सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ युवा फोरम कार्य व्यवस्था सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३

*- सन् २०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक*

**प्रस्तावनाः** विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषद्हरुमा आबद्ध युवा संयोजक मार्फत विश्वभरीका गैरआवासीय नेपाली युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितको लागि उनीहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न संजाल विस्तार गर्नको लागि गैरआवासीय नेपाली संघ युवा फोरमको गठन र युवा फोरमको कार्य प्रणाली बनाउनका लागि बाञ्छनीय भएको हुँदा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ *........................ को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यी नियमहरुको नाम "गैरआवासीय नेपाली संघ युवा फोरम कार्य व्यवस्था सम्बन्धी नियमावली, २०२३" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।*<u>यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ</u> ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैर आवासीय नेपाली संघको विधान २००३ *........................ लाई जनाउनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(घ) "**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय**" भन्नाले संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जनाउनेछ ।

(ङ) "**राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(च) "**युवा संयोजक**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को युवा संयोजकलाई जनाउनेछ ।

(छ) "**क्षेत्रीय युवा संयोजक**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को क्षेत्रीय युवा संयोजकलाई जनाउनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

(ज) "**क्षेत्रीय युवा उपसंयोजक**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को क्षेत्रीय युवा उपसंयोजकलाई जनाउनेछ ।

(झ) "**युवा फोरम**" भन्नाले गैरआवासीय नेपाली संघ युवा फोरमलाई जनाउनेछ ।

(ञ) "**युवा संयोजक**" भन्नाले र्राष्ट्रिय समन्वय परिषद्को युवा संयोजक वा युवा प्रतिनिधिलाई जनाउनेछ ।

(ट) "**युवा**" भन्नाले अन्तर्राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय महाधिवेशन सुरु भएको दिन सम्म ४० वर्ष उमेर नकाटेको व्यक्तिलाई जनाउनेछ ।

*(ट) "**विभाग**" भन्नाले संघको युवा विभागलाई जनाउँनेछ ।

*(ठ) "**दोश्रो पुस्ताका गैरआवासीय नेपाली**" भन्नाले विदेशमा माध्यमिक विद्यालय तह सम्म अध्ययन गरेको र ३० वर्ष नकाटेको गैरआवासीय नेपालीलाई जनाउँनेछ ।

*(ड) "**दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजकलाई जनाउनेछ ।

३. **फोरम गठनको उद्देश्यः**

विश्वभरी छरिएर रहेका गैरआवासीय नेपाली युवा तथा *दोश्रो पुस्ताका युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हीतको लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी बनाउन संजाल विस्तार गर्ने तथा देशमा सक्षम युवाहरुको उत्पादनमा सकृय भूमिका निर्वाह गर्नेछ । गैरआवासीय नेपाली युवाहरु *तथा दोश्रो पुस्ताका युवालाई नेपाल र नेपाली प्रति सामिप्यता बढाउन सहयोग गर्नेछ ।

४. **फोरम गठन प्रकृयाः**

(१) अन्तराष्ट्रिय समन्वय परिषद्का युवा संयोजकको नेतृत्वमा एक युवा फोरमको गठन गरिने छ ।

(२) युवा फोरममा अन्तराष्ट्रिय समन्वय परिषदका क्षेत्रीय युवा संयोजक, क्षेत्रीय युवा उपसंयोजक, *दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक र विभिन्न देशका राष्ट्रिय समन्वय परिषद्का युवा प्रतिनिधि सदस्य रहनेछन् ।

(३) फोरमको गठन अन्तराष्ट्रिय समन्वय परिषद् कार्यसमिति गठन भएको मितिले ३ महिना भित्र गरिसक्नु पर्ने छ ।

(४) फोरम गठन सम्बन्धमा अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई युवा संयोजकले गठन भएको जानकारी दिए पश्चात् फोरम गठन भएको मानिनेछ ।

(५) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्य सल्लाहकारको रुपमा रहने छन् ।

*(६) युवा उपाध्यक्ष फोरमको विशेष सल्लाहाकार हुनेछन् ।

---

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।

५. <u>फोरमको काम, कर्तव्य र अधिकारः</u>

(१) *............. राष्ट्रिय समन्वय परिषद्मा निर्वाचित युवा प्रतिनिधिहरुलाई सम्बन्धित क्षेत्रका क्षेत्रीय युवा संयोजक मार्फत संयोजन गर्ने, आवधिक विवरण लिने, युवासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने ।

(२) प्रत्येक राष्ट्रिय समन्वय परिषद्का युवा प्रतिनिधिहरुले आ—आफ्नो मुलुकमा रहेका युवाहरुलाई क्षेत्रीय युवा संयोजक मार्फत एकिकृत गरेर युवा सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने ।

(३) नेपालमा रहेका युवा र गैरआवासीय नेपाली युवाहरु तथा *<u>दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरु</u> वीच शिक्षा, खेलकुद र उद्यमशीलताको विकासमा नेपाल सरकार, सरोकारवाला संघ संस्थाहरुसँग सहकार्य गरी उनीहरुको तालिमको लागि आवश्यक साधन श्रोत उपलव्ध गराउन क्रियाशिल रहने ।

(४) नेपालमा रहेका युवाहरुमा शिक्षा, खेलकूद र उद्यमशीलताको विकासको लागि छात्रबृद्धि प्रदान गर्न आर्थिक श्रोत जुटाउने कार्य गर्ने ।

(५) विदेशमा रहेका दोश्रो पुस्ताका गैरआवासीय नेपाली बाल बालिकाहरुको लागि नेपाली भाषा, साहित्य, कला संस्कृति पहिचान गर्ने खालका विभिन्न कार्यक्रम गर्ने ।

(६) प्रत्येक ३ महिनामा एक पल्ट नियमित रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषद्मा फोरमले गरेका कार्यहरुको प्रगति विवरण पेश गर्नेछ ।

(७) गैरआवसीय नेपाली संघ र कुनै पक्ष बीच युवासँग सम्वन्धी समझदारीपत्रमा हस्ताक्षर गर्नु परेमा समझदारी पत्रको प्रकृति हेरी अन्तर्राष्ट्रिय समन्वय परिषद्का *<u>युवा उपाध्यक्ष वा</u> युवा संयोजक वा सम्बन्धित क्षेत्रका क्षेत्रीय युवा संयोजक तथा क्षेत्रीय युवा उपसंयोजक, *<u>दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक</u> वा सम्बन्धित मुलुकका युवा प्रतिनिधिलाई सहभागी गराईने छ ।

(८) राष्ट्रिय समन्वय परिषद्को स्तरमा आयोजना गरिने युवा सम्बन्धी कार्यक्रमको संयोजन क्षेत्रीय युवा संयोजक तथा क्षेत्रीय युवा उपसंयोजकको संयोजकत्वमा राष्ट्रिय समन्वय परिषद्बाट निर्वाचित युवा संयोजकले संचालन गर्नेछ ।

(९) हरेक राष्ट्रिय समन्वय परिषद्ले आफ्नो मुलुकमा युवा संयोजक चयन गर्दा कम्तिमा पुरा कार्यकाल अथवा २ वर्षको लागि चयन गर्नको लागि युवा फोरमले अनुरोध गर्ने छ । राष्ट्रिय समन्वय परिषद्मा युवा संयोजकको पद रिक्त भएमा बाँकी अवधिको लागि रिक्त पदमा युवा फोरमका क्षेत्रीय संयोजक तथा क्षेत्रीय युवा उपसंयोजकले आफ्नो क्षेत्र भित्रका राष्ट्रिय समन्वय परिषद्हरुसँग समन्वय गरेर चयनको लागि आवश्यक पहल गर्न सक्नेछ ।

(१०) *<u>युवा उपाध्यक्ष, दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक</u>, राष्ट्रिय समन्वय परिषद् तथा सम्बन्धित क्षेत्रका क्षेत्रीय युवा संयोजक तथा क्षेत्रीय युवा उपसंयोजकको राय सल्लाह बमोजिम फोरमको आचार संहिता तथा आकार निर्धारण गर्न सक्ने छ ।

*(११) <u>युवा विभागको अधिनमा रही कार्य गर्ने ।</u>

---

* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।

६. **बैठकः**

क्षेत्रीय युवा संयोजक, क्षेत्रीय युवा उपसंयोजक र विभिन्न राष्ट्रिय समन्वय परिषद्का युवा प्रतिनिधिहरुसँग समन्वय, सहकार्य गरी संचालन भएका गतिविधिहरु बारे अध्यावधिक हुनको लागि कम्तिमा ३ महिनाको एक पटक संघको विजनेस स्काइप वा संचारका अन्य माध्यमबाट युवा संयोजकले अनिवार्य रुपमा फोरमको वैठक आह्वान गर्नु पर्नेछ । बैठक सम्बन्धित अन्य कार्यविधि फोरमले आफै तोक्न सक्नेछ । *बैठकमा अनिवार्यरुपमा युवा उपाध्यक्ष र दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजकलाई बोलाउनु पर्नेछ ।

७. **बैठकको निर्णयः**

युवा संयोजकले वैठकमा भएका निर्णयहरुको माइनुट वैठक सकिएको मितिले दुई हप्ता भित्र अन्तर्राष्ट्रिय समन्वय परिषद् मा पेश गर्नु पर्नेछ ।

८. **बैठक सम्बन्धी प्रक्रियाः**

(१) यस नियमावलीमा नपरेका कुराहरु गैरआवासीय नेपाली संघको विधानको आधारमा फोरमले निर्णय गरे बमोजिम हुनेछ ।

(२) फोरमको बैठकको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्का युवा संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा *फोरमको अध्यक्षता बैठकबाट नियुक्त हुने व्यक्तिले गर्नेछ ।

(३) वैठकको प्रतिवेदन र निर्णय विधुतीय अभिलेखमा राखिनेछ ।

*(४) बैठकको निर्णय सम्भव भए सम्म सर्वसम्मत गर्नु पर्नेछ ।

९. **विवरण वा प्रतिवेदन पेश गर्नु पर्नेः**

फोरमले सम्पादन गरेको काम कारवाहीको विवरण वा प्रतिवेदन प्रत्येक महिना अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

१०. **कार्यविधि बनाउने अधिकारः**

यो नियमावली कार्यान्वयन गर्न फोरमले आवश्यक कार्यविधि बनाउन सक्नेछ र त्यस्ता कार्यविधिहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट स्वीकृत भए पछि प्रारम्भ हुनेछन् ।

११. **निर्देशन दिन सक्नेः**

(१) अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले फोरमद्वारा गरिने काम कारबाहीको सम्बन्धमा फोरमलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालन गर्नु फोरमको कर्तव्य हुनेछ ।

१२. **बाधा अड्काउ फुकाउः**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

*१२(क) **विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

१३. **<u>यसै नियमावली बमोजिम हुने:</u>**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

१४. **<u>खारेजी र बचाउः</u>**

(१) युवा फोरमको कार्यव्यवस्था सम्बन्धि नियमावली, २०१९ खारेज गरिएको छ ।

(२) युवा फोरमको कार्यव्यवस्था सम्वन्धी नियमावली, २०१९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।